## ग्लोबल फण्डको चिनारी

ग्लोबल फण्ड एड्स, टिबि र मलेरियाको महामारी अन्त्य गर्नको लागि तयार पारिएको एउटा साझेदारी हो । एउटा अन्तरराष्ट्रिय संस्थाको रुपमा ग्लोबल फण्डले विश्वका १०० भन्दा बढि देशहरुमा प्रत्येक बर्ष ४ बिलियन अमेरिकि डलर भन्दा धेरै रकम स्थानीय बिशेशज्ञहरुले सञ्चालन गरेको कार्यक्रमहरुमा सहयोग गर्न परिचालन गर्दछ । सरकार, नागरिक समाज, प्राबिधिक संस्थाहरु, निजि क्षेत्र र रोगबाट प्रभावित मानिसहरुसँगको साझेदारीमा ग्लोबल फण्डले माहामारीको अन्त्यका लागि भएको ब्यवधानहरुलाई चुनौती दिदै नविन कार्यहरुलाई अंगाल्दछ ।

सन २००० ताका एड्स, टिबि र मलेरियाको अवस्था भयावह थियो । धेरै देशहरुमा एड्सले गर्दा एउटा पुस्तानै सखाप गरी अनगिन्ति टुहुराहरु र तहश नहश समुदाय मात्र बाँकि रहेको अवस्था थियो । आफूलाई लामखुट्टेबाट जोगाउन नसक्ने वा प्रभावकारी औषधिको पहुँच नभएका कैयौं गर्भवति महिला तथा बालबालिकाहरुको ज्यान मलेरियाले लियो । त्यसैगरी टिबिले सदाझै आफ्नो जकड बलियो पारीराख्यो । यस्ता समस्यासँग जुध्नको लागि ग्लोबल फण्डले विश्वमा रहेको श्रोतलाई एकत्रित गरी रणनैतिक रुपमा एड्स, टिबि र मलेरियाको माहामारी अन्त्य गर्न सघाउ पुग्ने कार्यक्रमहरुमा लगानी गर्दछ ।

ग्लोबल फण्डको साझेदारी मोडल यस्तै खालका विश्व स्वास्थ्य समस्याहरुको नविनतम समाधानका लागि तयार पारिएको हो । यसमा देशहरुलेनै आफ्नो देशमा बिद्यमान एड्स, टिबि र मलेरियासँग कसरी जुध्ने भन्ने रणनितिहरु तय गर्छन र ग्लोबल फण्डले एउटा सुदृढ र दिगो स्वास्थ्य प्रणालि बिकासको लागि सार्वजनिक तथा निजि क्षेत्रहरुसँग सहकार्य गर्दछ ।

## ग्लोबल फण्डको इतिहास

ग्लोबल फण्ड सन् २००२ मा त्यस समयमाका एड्स, टिबि र मलेरिया जस्ता भयावह रोगहरु बिरुद्ध लड्नको निम्ति विश्मा भएको श्रोत जुटाई त्यसको ब्यवस्थापन र लगानि गर्न स्थापना भएको हो । ग्लोबल फण्डको मुल ध्येय भनेकोनै यी तिन रोगहरुलाई परास्त गर्न विश्वको श्रोत परिचालन गर्नु हो ।

ग्लोबल फण्ड जस्तो संस्थाको सोच विश्व नेतृत्व र समुदाय स्तरमा पैरवि गर्नेहरु आमने सामने भई यी तिन स्वास्थ्य समस्याहरुको समाधानका बिषयमा छलफलको क्रममा आएको थियो । एड्स, टिबि र मलेरिया, यी तिनवटै स्वास्थ्य समस्याहरुको रोकथाम र उपचार गर्न सकिन्छ तर यी समस्याहरुको निराकरणको लागि विश्वका नेतृत्व र निर्णायक तहमा रहेका ब्यक्तिहरु देखि समुदायस्तरमा यी स्वास्थ्य समस्याहरुको निराकरणमा कार्य गर्ने कार्यकर्ताहरुको समेत प्रतिबद्धताको आवस्यकता पर्दछ ।

यो बिचारलाई जापानको ओकिनावा सहरमा सन् २००० मा भएको जी ८ (विश्वका धनि तथा बिकसित राष्ट्रहरुको समुह) को बैठकमा पहिलो पटक छलफलमा ल्याइयो । तर वास्तविक रुपमा यी बिचारहरु सन् २००१ को अप्रिल महिनामा भएको अफ्रिकन युनियनको शिखर सम्मेलनमा आएर केहि एकत्रित गरियो । त्यसै गरी सोहि बर्षको जुन महिनामा संयुक्त राष्ट्र संघको साधारण सभाको बिशेष शत्रमा छलफलमा ल्याई सन् २००१ को जुलाईमा इटालीको जिओना सहरमा भएको जि ८ को शिखर सम्मेलनबाट पारित गरियो । त्यसपछि नयाँ संस्थाको शिद्धान्त र कार्य पद्धतिहरु निर्धारण गर्न एउटा संक्रमणकालनि कार्यदलको स्थापना गरीयो र सन् २००२ को जनवरी महिना देखि ग्लोबल फण्ड अस्तित्वमा आयो ।

## ग्लोबल फण्डले कसरी काम गर्दछ ?

१ **पैसा जुटाउने वा उठाउने:** ग्लोबल फण्डले विश्वका १०० भन्दा बढि देशहरुमा प्रतेक बर्ष ४ बिलियन (४ अर्ब) अमेरिकी डलर भन्दा धेरै रकम स्थानीय बिशेशज्ञहरुले सञ्चालन गरेको कार्यक्रमहरुमा सहयोग गर्न जुटाउने र परिचालन गर्ने गर्दछ। यस्तो पैसाको ९३ प्रतिशत दातृ राष्ट्रहरुबाट र बाँकि ७ प्रतिशत निजि क्षेत्रबाट प्राप्त हुन्छ ।

२ **देशहरुलेनै लगानीको निर्णय गर्दछन्** : ग्लोबल फण्डको आर्थिक सहयोग प्राप्त गर्ने देशमा एउटा राष्ट्रिय स्तरमा समन्वय गर्नको लागि एउटा निकायको स्थापना गरिएको हुन्छ। त्यसलाई सिसिएम (कन्ट्रि कोअर्डिनेटिङ्ग मेकानिज्म) भनिन्छ । सिसिएममा यी तिन स्वास्थ्य समस्याबाट प्रभावित ब्यक्तिहरु, सरकारी तथा नागरिक समाजका प्रतिनिधिहरु तथा अन्य बिषय विज्ञहरुको प्रतिनिधित्व रहन्छ । सिसिएम मार्फतनै यी तिन स्वास्थ्य समस्याहरुसँग लड्नको लागि कार्ययोजनाहरु बन्दछ ।

३ **समिक्षा तथा अनुमोदन** : यसरी सिसिएम मार्फत बनाएर पठाएको कार्ययोजनाले अपेक्षा गरे अनुरुपको प्रतिफल प्राप्त गर्न सक्ने नसक्ने समिक्षा एउटा स्वतन्त्र प्यानलले गर्दछ र योजनामा केहि परिमार्जन गर्नको लागि समेत आग्रह गर्न सक्दछ। उक्त प्यानलले कार्यक्रमलाई अन्तिम रुप दिएपछि ग्लोबल फण्डको बोर्डमा अनुमोदनको लागि जान्छ ।

४ **स्थानीय बिशेशज्ञहरुद्वारा कार्यानवयन** : स्थानीय बिशेशज्ञ तथा साझेदारहरुले ग्लोबल फण्डबाट प्राप्त अनुदान रकम प्रयोग गरी कार्यक्रम कार्यानवयन गर्दछन् । उक्त कार्यक्रमहरुबाट प्राप्त परिणामहरुको नियमित रुपमा अनुगमन तथा मुल्यांकन गर्ने गरिन्छ ।

५ **कार्यानवयनको निरिक्षण** : ग्लोबल फण्डले प्रत्येक देशमा एउटा स्थानीय प्रतिनिधि तोकेको हुन्छ जसलाई लोकल फण्डिङ्ग एजेन्सि (एल् एफ् ए) भनिन्छ। एल् एफ् एले देशमा कार्यानवयन भईरहेको कार्यक्रमहरुको अनुगमन गर्दछ। तेसै गरी ग्लोबल फण्डको महानिरिक्षकको कार्यालय (अफिस अफ इन्सपेक्टर जनरल - ओआईजि) ले अन्य अनुसन्धान र लेखा परिक्षण गर्दछ ।

## परिणामले महत्व राख्दछ

ग्लोबल फण्डले सहकार्य र स्वास्थ्यमा प्रभावकारी लगानि मार्फत विश्वमा ३२ मिलियन (३ करोड २० लाख) भन्दा बढि मानिसको जिवन रक्षा गरेको छ भने अरबौं मानिसहरुलाई यी तिन स्वास्थ्य समस्याहरुको रोकथाम, उपचार र हेरचाह जस्ता सेवाहरु प्रदान गरी स्थानीय स्वास्थ्य प्रणालि सदृढीकरण र स्थानीय समुदायहरुको आर्थिक अवस्था उकास्नमा सहयोग गर्दै आइरहेको छ। करोडौं मानिहरुले एन्टिरेट्रोभाइरल औषधिको प्रयोगले मृत्युलाई जित्न सफल भएको छन् । मलेरिया बाट हुने मृत्यु, त्यो पनि बिशेष गरेर साना बच्चाहरुमा, आधि भन्दा बढिले कमि आएको छ र रोग निदानका नयाँ प्रबिधिहरुले टिबिको जाँच र उपचारलाई द्रुत बनाएको छ ।

## ग्लोबल फण्डका शिद्धान्तहरु

१ **साझेदारी:** एड्स, टिबि र मलेरियाको महामारीको अन्त्य गर्नको लागि एउटै मात्र उपाय भनेको साझेदारीमा काम गर्नु हो । सरकारी तथा गैर सरकारी संस्थाहरु, नागरिक समाज, यी तिन स्वास्थ्य समस्याबाट प्रभावित ब्यक्ति तथा समुदायहरु, प्राबिधिक साझेदारहरु, निजि क्षेत्र, विश्वासमा आधारित संस्थाहरु (धार्मिक मिशन) तथा अन्य दातृनिकायहरु समेतको साझेदारीको

आवस्यकता पर्दछ । यस्ता स्वास्थ्य समस्याहरुसँग लड्नमा संलग्न सबैलाई निर्णय प्रक्रियामा समावेश गराउनु पर्दछ ।

२ **राष्ट्रको स्वामित्व:** स्थानीय स्तर र परिवेसमा एड्स, टिबि र मलेरियासँग कसरी लडन सकिन्छ भन्ने कुरा सबभन्दा राम्रोसँग त्यहिंको स्थानीयलाई थाहा हुन्छ। राष्ट्रले आफ्नो देशमा बिद्यमान यि तिन स्वास्थ्य समस्याको समाधानका उपायहरु आफैले तय गर्नु र त्यसको पूर्ण जिम्मेवारी पनि आफैले लिनु भनेकोनै राष्ट्रको स्वामित्व हो। प्रत्येक देशले आफ्नो राजनैतिक, सामाजिक, सांसकृतिक परिवेश अनुसारको कार्यक्रमहरु तय गरी कार्यानवयन गर्दछ।

३ **कार्यसम्पादनमा आधारित कोष:** नियमित रुपमा कोष प्राप्त गर्नको लागि कार्यक्रमहरुले ताकिएको समयभित्र प्रभावकारी परिणाम प्राप्त गरेको हुनु पर्छ । एलएफएले कार्यक्रहरुको परिणामहरुलाई ध्यानपुर्बक अनुगमन र प्रमाणित गर्दछन् ।

४ **पारदर्शिता:** ग्लोबल फण्डले आफ्नो कार्यक्रमको कार्यानवयनमा उच्च तहको पारदर्शिता कायम राखेर गर्दछ । यहाँ कार्यक्रम भन्नाले कोषको लागि तयार पारिने प्रस्तावको लेखन प्रक्रिया, कोषको लगानीका निर्णयहरु, कार्यसम्पादन, परिणाम, शासन र सुपरिवेक्षण समेत पर्दछ । ओआइजिले गर्ने सबै लेखापरिक्षण र अनुसन्धानहरुको प्रतिवेददन सार्वजनिक गरिन्छ र ग्लोबल फण्डले अन्तरराष्ट्रिय सहायताको पारदर्शिताको पहललाई पूर्ण रुपमा सहयोग गर्दै यसमा समावेश पनि हुन्छ ।

## ग्लोबल फण्डको रणनितिहरु

ग्लोबल फण्डले सन् २०१७ देखि २०२२ सम्मको लागि नयाँ रणनिति तयार गरेको छ। यो रणतिनि महामारीको अन्त्यको लागि लगानी गर्नमा केन्दि्त छ। ग्लोबल फण्डको सन् २०१७-२०२२ रणनितिको मुख्य उद्देश्यहरु निम्नानुसार छन्।

१ एचआइभि, टिबि र मलेरियाको बिरुद्धको प्रभावलाई अधिकतम बनाउने : एचआइभि, टिबि र मलेरियाको बिरुद्धको प्रभावलाई अधिकतम बनाउन देश बिशेषको लागि बिबिध प्रकारको कार्यक्रम कार्यानवयनका बिधिहरु, भएका श्रोतहरुको यथोचित बाँडफाँड र कार्यक्रमहरुको दिगोपनाको लागि योजना तर्जुमाको आवस्यकता पर्दछ। देशहरुलाई यी तिन स्वास्थ्य समस्याहरु केन्द्रित प्रभावकारी तथा दिगो कायक्रमहरु संचालनका निम्ति कार्यक्रम सम्बन्धि र वित्तिय पक्षमा लामो समयको लागि सहयोग प्रदान गर्नु पर्दछ। यो रणनितिहरुको सफल कार्यानवयनले UNAIDS को द्रुत रणनिति (fast tract strategy), टिबि अन्त्य गर्ने रणनिति (end TB strategy), मलेरियाको ग्लोबल रणनितिका साथै दिगो बिकासका लक्षहरुमा समाहित यी तिन स्वास्थ्य समस्याहरुसँगको लडाइमा टेवा पुऱ्याउदछ।

२ दरिलो र दिगो स्वास्थ्यका प्रणालीहरु बनाउने : आम जनताले सुचारु तथा जवाफदेही स्वास्थ्य र समुदायका प्रणलीहरुमार्फत प्रभावकारी, दक्ष र सहज सेवाहरु प्राप्त गर्नको लागि दरिलो र दिगो स्वास्थ्यका प्रणालीहरु बनाउनु महत्वपूर्ण हुन्छ। स्वास्थ्यका लागि बलियो प्रणाली तथा संरचनाहरु हुनु एचआइभि, टिबि र मलेरिया बिरुद्ध प्रगती गर्न र देशहरुमा कुनै पनि बेला आइपर्नसक्ने नियमित किसिमका स्वास्थ्य समस्याहरु (जस्तै : प्रजनन स्वास्थ्य, पुरुष, महिला, बालबालिका तथा किशोर किशोरी स्वास्थ्य) देखि स्वास्थ्य सुरक्षाका विश्वाब्यापी खतराहरु र नसर्ने रोगहरुको समस्यालाई सम्बोधन गर्न सक्छ भनेर पक्का गर्नको लागि अपरिहार्य छ।

३ मानव अधिकार र लैङ्गिक समानतालाई संरक्षण गर्ने र बढावा दिने : मानव अधिकार सम्बन्धि बाधा/ब्यवधानहरु, लाञ्छना तथा भेदभावहरुले यि तिन स्वास्थ्य समस्याहरु बिरुद्धको प्रभावकारी लडाइलाई कमजोर पार्दछ। देशहरुले बिद्यमान माहामारीलाई नियन्त्रण गर्न सक्छ भन्ने पक्का गर्न, आवस्यकता अनुसार कार्यक्रमहरुको पहुँच बढाउन बलम उपलब्धिहरुलाई दिगो बनाउनको लागि मानव अधिकार र लैङ्गिक समानतालाई संरक्षण गर्न र बढावा दिन जरुरी छ। लैङ्गिक असमानताले रोग लाग्ने सम्भावना बढाउने र महिला, पुरुष र तेस्रोलिङ्गि समुदायको स्वास्थ्य सेवामा पहुँचलाई असर गर्ने हुनाले यसको समाधान गर्नु अनिवार्य हुन्छ। लैङ्गिक असमानताले महिला र किशोरीहरुको आफूलाई स्वस्थ राख्न सक्ने, आफ्नो रक्षा गर्ने र शिक्षा जस्ता सामाजिक सेवाहरुमा पहुँचको क्षमतालाई पनि घटाउदछ।

४ बढ्दो श्रोतको परिचालन : एड्स, टिबि र मलेरिया जस्तो स्वास्थ्य समस्याहरु बिरुद्धको कार्यक्रमहरुको पहुँच सफलतापुर्वक बढाउनको लागि बढ्दो श्रोतको परिचालनको आवस्यकता पर्दछ। एड्स, टिबि र मलेरियाको ग्लोबल प्राबिधिक रणनिति अनुसार विश्वका स्वास्थ्यका समुदायहरुले हालसम्मको उपलब्धिहरुलाई बरकरार राख्न र प्रगतिलाई अझै वेगवान बनाउन अब अर्को रणनितिको अघिल्ला बर्षहरुमा बढि लगानी गर्नुपर्ने हुन्छ।

यी रणनितिहरुको सफल कार्यानवयन थप दुइवटा मौलिक तत्वहरुमा भर पर्दछ :

१ बिकासको क्रममा नविन कुराहरु र सेवामा बिबिधतालाई अवलम्बन गर्ने

२ पारस्परिक जवाफदेहि साझेदारीहरुलाई सहयोग गर्ने

ग्लोबल फण्डले आफ्नो २०१७-२०२२ को रणनिति कार्यानवयन मार्फत संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुले सन् २०१५ मा अंगिकार गरेको दिगो बिकासका लक्षहरु र साझेदारहरुको योजनाहरुसँग आफ्नो कार्यक्रमहरुलाई मिलाएर लगेको छ। यर रणनिति मार्फत ग्लोबल फण्डले सन् २०३० को एजेन्डाको रुपमा दिगो बिकासका लक्षहरुमा उल्लेखित साझ जिम्मेवारी, समावेशी, बहुक्षेत्रीय सहभागिता र प्राथमिकताहरुमा योगदान गर्नेछ। विशेषत: ग्लोबल फण्डबाट प्राप्त आर्थिक सहयोगले देशहरुलाई एड्स, टिबि र मलेरियाको महामारी अन्त्य गर्ने दिगो बिकास को गोल नं ३ र त्यससँग जोडिएका लक्षहरु प्राप्त गर्न सक्षम बनाउने एउटा मुख्य योगदानकर्ताको रुपमा रहनेछ।

## ग्लोबल फण्डको संरचना

१ **ग्लोबल फण्ड बोर्ड:** ग्लोबल फण्ड बोर्डले रणनिति बनाउने, संस्था चलाउने र कोषको अनुदानको निर्णय गर्दछ। यसले संस्थाको कार्यसम्पादन, समग्र जोखिम ब्यवस्थापन, साझेदारी, श्रोत परिचालन र पैरविको पनि काम गर्दछ। बोर्डमा दातृ सरकार र कार्यानवयन गर्ने सरकार, गैर सरकारी संस्थाहरु, निजि क्षेत्र र रोगबाट प्रभावित समुदायका प्रतिनिधिहरु रहन्छन्।

२ **ग्लोबल फण्डको सचिवालय:** ग्लोबल फण्डको दैनिक कार्यसंचालन सचिवालयले गर्दछ। सचिवालय स्विटजरल्यान्डको जेनेभामा छ। यसले बोर्डले गरेको निर्णयहरुको कार्यानवयन गर्नुका साथै बिभिन्न राष्ट्रहरुबाट प्राप्त कोषको प्रस्तावहरुको समिक्ष गर्दछ। कोषको बितरण कार्यसम्पादनमा आधारित बितरण प्रणाली अनुसार हुन्छ।

३ **प्राबिधिक समुह (टिआरपि-TRP):** यो एउटा स्वतन्त्र निकाय हो जसमा स्वास्थ्य, बिकास र अर्थ सम्बन्धि विज्ञहरु रहेका हुन्छन्। त्यए ले कोषको लागि प्राप्त प्रस्तावनाहरु प्राबिधिक रुपमा योग्य छन या छैनन भन्ने मुल्यांकन गर्दछ।

४ **लोकल फण्ड एजेन्ट (LFA):** LFA एउटा स्वतन्त्र परमार्शदाता को जसले कार्यानवयनको र तथ्यांकको लेखाजोखा राख्ने काम गर्दछ। ग्लोबल फण्डको कुनै पनि देशमा आफ्नो कार्यालय नहुने हुनाले LFA ले नै ग्लोबल फण्डको आँखा र कानको रुपमा काम गर्दछ।

५ **मुख्य ग्राहि (पि आर):** पि आर अनुदानको कार्यानवयन लगायत उप-ग्राहि (एस आर) सँगको समन्वयको लागि जिम्मेवार हुन्छ। पि आरले अनुदानको कार्यक्रम र बजेटको जिम्मेवारी लिएको हुन्छ।

६ **उप-ग्राहि (एस आर):** एस आर ग्लोबल फण्डको अनुदानको कार्यानवयन गर्ने संस्था हो। यसले समुदाय स्तरमा कार्यक्रमहरु गर्दछ। सेवाग्राहिहरुले उपयुक्त सेवा पाएको निश्चित गर्दछ। ग्लोबल फण्डले कार्यसम्पादनमा आधारित प्रणलीमा काम गर्ने हुनाले कार्यक्रमहरुलाई प्रभावकारी बनाउनमा एस आरको ठुलो भुमिका हुन्छ।

७ **कन्ट्रि कोओर्डिनेटिङ्ग मेकानिज्म (सिसिएम):** प्रत्येक देशले एउटा राष्ट्रिय समितिको निर्माण गरेको हुन्छ जसलाई सिसिएम भनिन्छ। सिसिएमले देशको तर्फबाट कोषको लागि अनुरोध ग्लोबल फण्डमा पठाउछ र उक्त कोष मार्फत हुने कार्यक्रमहरुको सुपरिवेक्षण गर्दछ। सिसिएम मा यि तिन रोगसँगको कार्यमा सम्मिलित सबै क्षेत्रका प्रतिनिधिहरुको सहभागिता रहन्छ।

८ **महानिरिक्षकको कार्यालय (ओ आइ जि):** ओ आइ जि एउटा स्वतन्त्र निकाय हो जुन सिधै बोर्डको अन्तर्गत रहेको हुन्छ। कोष बाट प्राप्त रकमको प्रभावकारी सदुपयोग भए नभएको यकिन गर्नको लागि ओ आइ जिले सुपरिवेक्षण गर्दछ।

## नेपालमा ग्लोबल फण्ड

नेपालले पहिलो पटक ग्लोबल फण्डको अनुदान सन् २००३ मा पाएको थियो र त्यसको कार्यानवयन सन् २००४ देखि २००८ सम्म भएको थियो। त्यस उपरान्त नेपालले एड्स, टिबि र मलेरियासँग लड्न नियमित रुपमा ग्लोबल फण्डको अनुदान प्राप्त गर्दै आइरहेको छ। पछिल्लो केहि बर्ष सम्म उच्च जेखिममा रहेका समुदायहरु लक्षित कार्यक्रमहरु बाहेक ग्लोबल फण्डबाट प्राप्त बजेटले एचआइभि, टिबि र मलेरियाको लागि आवस्यक औषधिहरु र अन्य वस्तुहरु खरिद गरिदै आएको थियो। तर सन् २०१८ देखि ग्लोबल फण्डको कोफाइनान्सिङ्ग प्रावधान अनुसार र नेपाल सरकारको प्रतिवद्धता अनुरुप नेपाल सरकारले ओषधिहरु तथा अन्य आवस्यक वस्तुहरु खरिदको लागि आफ्नो श्रोतलाई बढाउदै लगेको छ।

ग्लोबल फण्डले नेपालमा अनुदान दिन शुरु गरे पश्चात ग्लोबल फण्डसँगको सहकार्यमा नेपालमा लाखौं मानिसहरुको जिवन रक्षा भएको छ। हाल करिब १७,००० एचआइभि संक्रमित ब्यक्तिहरुले निशुल्क औषधि प्राप्त गरिराखेका छन् भने ३०,००० भन्दा बढिले टिबिको उपचार पाइरहेका छन्। त्यसैगरी मलेरियाको प्रकोपलाई रोक्त करिब ६५०,००० किटनाशक झुलहरु गतबर्ष मात्र बितरण गरिएको छ। हालको अवस्थामा नेपालको एचआइभि, टिबि र मलेरियाको कार्यक्रमहरुमा ग्लोबल फण्डको ५० प्रतिशत भन्दा बढिको योगदान रहेको छ।
बिगतका बर्षहरुमा नेपाल सरकार ग्लोबल फण्डको पि आर रहेको थियो। त्यसै गरी अन्य थुप्रै गैर सरकारी संस्थाहरु पनि पि आर भएका छन्। तथापि, अनुदानको ब्यवस्थापनमा रहेका समस्याहरु, अनुदानको जटिल आवस्यकताहरु, अन्य प्रशासनिक कारणहरुले गर्दा हाल आएर सेभ द चिल्ड्रेन मात्र पि आरको रुपमा रहदै आएको छ।

## नेपालमा ग्लोबल फण्ड अन्तरगतका हालका कार्यक्रमहरु

हाल सेभ द चिल्ड्रेनले पि आरको रुपमा ग्लोबल फण्डको अनुदान प्राप्त गर्दै आएको छ। हाल सेभ द चिल्ड्रेनले नेपाल सरकारको लागि तिनै रोगहरुको राष्ट्रिय रणनितिहरु र कार्यक्रमहरुमा सहयोग पुग्ने गरी ग्लोबल फण्डको अनुदानको कार्यानवयन गर्दै आएको छ। नेपाल सरकार, ग्लोबल फण्ड र सेभ द चिल्ड्रेन बिच भएको त्रीपक्षीय सम्झौताले नेपालमा ग्लोबल फण्डको अनुदानको कार्यानवयनको लागि मार्गदर्शन गर्दछ। सेभ द चिल्ड्रेनले कार्यानवयनको लागि २ वटा कायापद्धति अपनाएको छ - सरकार मार्फतको र गैर सरकारी संस्था मार्फतको कार्यानवयन। सरकारी निकाय मार्फत कार्यानवयन हुने कार्यक्रमहरुको बजेटलाई सरकारको रातो किताबमा समावेश गरिन्छ भने गैर सरकारी संस्थाहरुलाई भने सेभ द चिल्ड्रेनले बिद्यमान कानुन अनुशरण गर्दै सिधै कार्यक्रम तथा बजेट पठाउछ। सेभ द चिल्ड्रेनले स्वास्थ्य सेवा बिभागसँग गरेको सम्झौतापत्रले सरकारद्वारा सञ्चालित एचआइभि, टिबि र मलेरिया कार्यक्रममा पि आरले गर्ने सहयोगको निर्देशन दिएको छ। सेभ द चिल्ड्रेनले हालको अनुदानको ब्यवस्थापन चुस्त र दुरुस्त राखेको र अनुदानको कार्यानवयनको स्तरलाई पनि उच्च तहमा राखेको छ।

## ग्लोबल फण्डको हालको अनुदानको निर्धारण

ग्लोबल फण्डले हालै मात्र नेपाललाई अब मार्च २०२१ देखि जुलाइ २०२४ सम्मको लागि एचआइभि, टिबि र मलेरियाको कार्यक्रमको लागि अनुदानको रकमको बाँडफाँड पठाएको छ। जसअनुसार नेपालले एचआइभि को लागि २६.९ मिलियन, टिबिको लागि २०.५ मिलियन। मलेरियाको लागि ४.१ मिलियन अमेरिकि डलर तय गरेको छ। त्यस बाहे थप १.१ मिलियन अमेरिकि डलर क्याटालाइटिक फण्डको रुपमा मानव अधिकारसँग सम्बन्धित क्षेत्रमा कार्य गर्नको लागि बिनियोजन गरेको छ। कोफाइनान्सिङ्गको लागि नेपाल सरकारले १५ प्रतिशत बजेटको बिनियोजन गर्नुपर्ने हुन्छ भने क्याटालाइटिक फण्डलाई मिलान गर्न १.१ मिलियन अमेरिकि डलर बराबरको बजेट बिनियोजन गनुन्छ। सिसिएम नेपालले अगस्ट २०२० अन्त्य सम्ममा सबै आवस्यक कागजात र दस्तावेज सहित नयाँ अनुदानको लागि प्रस्तावना ग्लोबल फण्डमा पठाउनु पर्नेछ र यसका लागि सिसिएम नेपालले तोकिएको समय भित्र सम्पूर्ण काम सक्नकोलागि मार्गचित्र पनि तयार पारीसकेको छ।

## ग्लोबल फण्डमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारीहरु

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सिसिएम नेपालको अध्यक्षता गरीरहेको हुनाले सिसिएमलाई क्रियाशिल बनाउने, समयमै देशबाट अनुदानको प्रस्ताव ग्लोबल फण्डमा बुझाउने, अनुदानको कार्यानवयनको सुपरिवेक्षण गर्ने, कार्यक्रममा हुनसक्ने दोहोरोपना हटाई बिभिन्न दाताहरु र नेपाल सरकारबाट उपलब्ध श्रोतको तालमेल मिलाउने र कार्यक्रम बिशेष नितिहरु तथा निर्देशिकाहरु बनाउने मुख्य जिम्मेवारी मन्त्रालयको रहन्छ।

एचआइभि, टिबि र मलेरियाको लागि आवस्यक बजेटको ब्यवस्था र बाँडफाँड गर्न अनि देशमा बिद्यमान सम्पूर्ण साझेदारहरुलाई प्रभावकारी रुपमा एचआइभि, टिबि र मलेरियासँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्न उचित वातावरण दिई सक्षम बनाउन समग्र स्वास्थ्य प्रणालीको सुदृढिकरण गर्नमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय जिम्मेवार हुन्छ। सरकारको वार्षिक बजेट बढाउदै लैजाने र ग्लोबल फण्डको शर्त अनुसारको म्याचिङ्ग फण्डको आवस्यकतालाई पुर्ति गर्नु पनि मन्त्रालयकै जिम्मेवारीमा पर्दछ। आवस्यक पर्ने सम्पूर्ण औषधि तथा अन्य सामाग्रिहरुको समयमै आवस्यक परिमाणमा खरिद गरी सेवा प्रदायक संस्थाहरुमा पठाउनेलाई पनि मन्त्रालयको एउटा प्रमुख भुमिकाको रुपमा लिइएको छ। मन्त्रालयलेनै एचआइभि, टिबि र मलेरिया सम्बन्धित सेवा प्रदायक संस्थाहरुमा दरबन्दि अनुसारको पदपुर्ति भएको र गुणस्तरीय सेवा प्रदान भइरहेको यकिन गराउनु पर्दछ।